उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १५० मितिः २०८३/०८/०२

प्रस्तावहरुः

१. बजेट संशोधन, रकमान्तर र नयाँ कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा।
२. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
३. स्थानीय पर्व विदा सम्बन्धमा।
४. राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम सञ्चालन सम्बन्धमा।
५. कार्ड वितरण कार्यविधि संशोधन सम्बन्धमा।

निर्णयहरुः

१. मिति २०८३ साल भाद्र महिनाको १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण उत्तरगया गाउँपालिकाको आ व २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा बाढी पश्चात् सिर्जित अवस्थालाई मध्यनजर गर्दै बाढी पश्चात् को प्रतिकार्य र पुनर्लाभका विषयलाई प्राथमिकतामा राखी आवश्यक कार्यक्रम प्रस्ताव गर्ने, संशोधन गर्ने र रकमान्तरका लागि मिति २०८३ मंसिर ५ गते विहान ७ बजे बस्ने बैठकमा वडागत र शाखागत कार्यक्रमहरु संशोधन सहितको खाका तयार गरी पेश गर्ने।
२. श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३ साल कार्तिक महिनाको २० दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाह र नियमित कामकारबाहीमा असर परिरहेका स्थानीय तहको सहमतिका आधारमा कर्मचारी समायोजन ऐन, २०७५ को उपदफा ९ बमोजिम कामकाजमा खटाउने भन्ने मन्त्रालयको निर्णय बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह रा प अनं प्रथम श्रेणीका २ जना यसै कार्यालयबाट तलब भुक्तानी हुने गरी माग गर्ने सहमति प्रदान गर्ने ।
३. मिति २०८३ साल मंसिर महिनाको ४ गते हरिबोधनी एकादशीको अवसरमा भक्तजनहरुको भिड लाग्ने भएकाले पर्व व्यवस्थापन र स्थानीय सहभागितालाई मध्यनजर गर्दै सो मितिमा स्थानीय पर्व विदा दिने ।
४. मिति २०८३ साल भाद्र १० गतेको भोटेकोशी नदीमा आएको बाढीका कारण उत्तरगया गाउँपालिका क्षेत्र अत्यन्त प्रभावित भएकोमा यस प्रतिकुल अवस्थामा राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम सञ्चालनका लागि अनुकुल नहुने भएकोमा यस आर्थिक वर्षमा उक्त कार्यक्रम सञ्चालन गर्न नसकिने भएकोले गाउँपालिका मार्फत उक्त शीर्षकमा विनियोजित रकम रकमान्तर गर्ने।

तिलकराम पोखरेल
मुख्य प्रशासकीय अधिकृत

बैठक संख्या: १५० मिति: २०८३/०८/०२

५. उत्तरगया गाउँपालिका मार्फत पारित गरिएको काई वितरण कार्यविधि, २०८३ मा काई वितरणका लागि रातो, निलो र पहेलो रङ्ग अंकित गरिएको काई विपद्को प्रकृतिको आधारमा वितरण गर्ने उल्लेख गरिएकोमा उक्त बुँदा संशोधन गरी सम्पूर्णलाई रातो काई जारी गर्ने र उक्त काईमा विपद्को प्रकृति तपसिलमा उल्लेखित प्रकारका रुपमा वर्गिकरण गरी वडा अध्यक्षले प्रमाणित गरी जारी गर्ने गरी व्यवस्थापन गर्ने।

तपसिल

१. मानवीय क्षति र घर पूर्णरुपमा क्षति भएको
२. मानवीय क्षति
३. पूर्णरुपमा घर क्षति भएको
४. अन्य क्षति

२०८३।८।२

तिलकराम पोखरेल
प्रशासकीय अधिकृत

बैठक संख्या -१५०

आज मिति २०८३।०८।०२ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

क स	नाम	पद	दस्तखत
१	श्री माधवप्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मार सिङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लालवहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर वहादुर वुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री वुटी तामाङ	सदस्य	
९	श्री ज्ञानु विश्वकर्मा	सदस्य	
१०	श्री शान्ती माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	
१२	श्री पुर्ण वहादुर घले	सदस्य	
१३	श्री राम वहादुर विश्वकर्मा	सदस्य	
१४	श्री तिलकराम पोखरेल	सदस्य सचिव	

CamScanner